रुरुक्षेत्र गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ५ मितिः २०८०/०५/१९(अतिरिक्तांक)

भाग-२

रुरुक्षेत्र गाउँपालिका

गुल्मी, लुम्बिनी प्रदेश

## रुरुक्षेत्र गाउँपालिकाको निजी जग्गाको ढुंगा, गिट्टी, वालुवा, माटो आदि उत्खनन, सकंलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८०

सम्बत २०८० को कार्यविधि नं. ५ गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :२०८०।०५।१९

# रुरुक्षेत्र गाउँपालिकाको निजी जग्गाको ढुंगा, गिट्टी, वालुवा, माटो आदि उत्खनन, सकंलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८०

प्रस्तावनाः

रुरुक्षेत्र गाउँपालिका क्षेत्रभित्र रहेका निजी आवादी जग्गाबाट ढुङ्गा, गिटी, बालुवा, माटोको उत्खनन्, संकलन तथा विक्री वितरणलाई व्यवस्थित गरी पर्यावरणीय जोखिम न्यूनिकरण गर्दै विकास निर्माणको आवश्यकता समेत पुरा गर्न गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) (ज.) को बुँदा नं. १२ र १३ अनुसार सम्वन्धित गाउँपालिकालाई सम्वन्धित क्षेत्रको वातावरण संरक्षण र जैविक विविधता कायम राखका साथै वातावरणीय जोखिम न्युनीकरण गर्ने गराउने दायित्व तोकेकोले सो गर्ने गराउने सन्दर्भमा भूसतह तथा भूगर्भको उत्खननलाई व्यवस्थित गरी प्राकृतिक सम्पदाको समुचित प्रयोग गर्न गराउन आवश्यक भएकोले जुनसुकै प्रकारको उत्खननलाई यस कार्यविधि बमोजिम गर्न गराउनका साथै निजी जग्गाहरुलाई आवास, कृषि, गैर कृषि, व्यावसायिक वा गैर व्यावसायिक प्रयोजनका लागि व्यवस्थापन गर्ने तथा सो क्रममा उत्खनन हुने ढुंगा, गिट्टी, वालुवा, माटो संकलन तथा ढुवानी गर्ने कार्यलाई नियमन तथा व्यवस्थित गर्न वान्छनीय भएकाले लुम्बिनी प्रदेश सरकार नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को परिच्छेद ३ दफा ४ को उपदफा १ मा भएको व्यवस्था बमोजिम स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी रुरुक्षेत्र गाउँ कार्यपालिकाको कार्यालयले यो कार्यविधि बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

(क) यस कार्यविधिको नाम "निजी जग्गाको ढुंगा, गिट्टी, वालुवा, माटो आदि उत्खनन, सकंलन तथा ढुवानी व्यवस्थित गर्ने सम्वन्धी कार्यविधि २०७९" रहेको छ ।

(ख) यो कार्यविधि रुरुक्षेत्र गाउँपालिका गाउँकार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा र व्याख्या :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) 'अध्यक्ष' भन्नाले रुरुक्षेत्र गाउँपालिका को अध्यक्ष सम्झनुपर्दछ ।

(ख) 'उपाध्यक्ष' भन्नाले रुरुक्षेत्र गाउँपालिका को उपाध्यक्ष सम्झनु पर्दछ ।

(ग) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले रुरुक्षेत्र गाउँपालिका को प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

(घ) 'गाउँ कार्यपालिका' भन्नाले रुरुक्षेत्र गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) 'गाउँपालिका' भन्नाले रुरुक्षेत्र गाउँपालिकालाई सम्झनु पर्दछ ।

(च) 'निजी जग्गा' भन्नाले कुनै व्यक्तिको हक भोगको जग्गा धनी दर्ता प्रमाण पुर्जा प्राप्त जग्गा सम्झनु पर्दछ ।

(छ) 'अनुमति पत्र' भन्नाले यस कार्यविधि बमोजिम प्रदान गरिने तोकिएको कार्य गर्न प्राप्त अनुमति पत्र सम्झनु पर्दछ ।

(ज) 'शुल्क वा दस्तुर ' भन्नाले गाउँपालिकामा बुझाउनु पर्ने शुल्क वा दस्तुर सम्झनु पर्दछ ।

(झ) 'गाउँ सभा' भन्नाले रुरुक्षेत्र गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ ।

(ञ) 'कार्यदल' भन्नाले यसै कार्यविधि बमोजिम गठित कार्य समूह सम्झनु पर्दछ ।

(ट) 'निर्माण जन्य खनिज पदार्थ' भन्नाले भूगर्भ तथा भू-सतहमा रहेको माटो, ढुङ्गा, ग्राभेल, मिस्कट बालुवा, गिट्टी र भास्कट समेतलाई जनाउनेछ ।

(ठ) "पदार्थ" भन्नाले जमिन उत्खननका क्रममा निस्कने सबै प्रकारका ठोस पदार्थलाई जनाउनेछ ।

## ३. कार्यविधिको आवश्कताः

क) निजी स्वामित्व रहेको जग्गामा व्यवस्थित उत्खनन गरी कृषि उत्पादन वृद्धिमा सहयोग पु-याउन ।

ख) साधारण निर्माण जन्य खनिज पदार्थको बजार अभाव घटाई निजी स्वामित्वको जग्गाबाट समेत व्यवस्थित उत्खनन गरी त्यस्ता पदार्थको बजार आपूर्ति सहज बनाउन ।

ग) स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ ञ. १२१३ एवं प्रदेश कानून बमोजिम निजी जग्गामा उत्पादन भएको ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, रोडा समेत कर लगाउन सक्ने कानूनी अधिकारको समुचित प्रयोग गर्दै अवैध उत्खनन्, विक्री वितरण र राजश्व चुहावट हुनबाट रोक्न ।

घ) सार्वजनिक निर्माणको लागि आवश्यक पर्ने तथा सो क्रममा निश्कासन हुने प्राकृतिक स्रोतको उचित व्यवस्थापन गर्न ।

## ४. कार्यविधिको उद्देश्यः

क) उद्योगजन्य कच्चा पदार्थ / निर्माणजन्य अन्य खनिज पदार्थ स्थानिय रुपमा आपूर्ति गर्ने ।

ख) निषेधित क्षेत्र र सरकारी तथा सार्वजनिक स्थलको गैरकानूनी उत्खननलाई नियन्त्रण गर्ने

ग) उत्खननका क्रममा र उत्खनन पश्चात आउन सक्ने सानातिना स्थानिय विवाद घटाउने ।

घ) निजी स्वामित्वमा रहेको जग्गालाई खेति योग्य बनाउन सहयोग पुयाउने ।

ङ) निजी जग्गामा एक प्रकारको उत्पादन प्रणालीबाट अर्को प्रकारको उत्पादन प्रणाली मा जान चाहने कृषकलाई सहजिकरण गर्ने ।

च) अव्यवस्थित उत्खननबाट स्थानीय पर्यावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव लाई उत्खनन पूर्व आँकलन गरी नकारात्मक प्रभाव घटाउने क्रियाकलाप सहित उत्खनन कार्य व्यवस्थित गर्ने ।

छ) सार्वजनिक निर्माणको लागि आवश्यक पर्ने तथा सो क्रममा निश्कासन हुने प्राकृतिक स्रोतको उचित व्यवस्थापन गर्ने ।

## ५. कार्यविधि लागू हुने क्षेत्रः

यो कार्यविधि रुरुक्षेत्र गाउँपालिकामा रहेको निजी स्वामित्वको जग्गामा यान्त्रिक उपकरणको प्रयोग समेत बाट भू - पदार्थ उत्खनन गरिने कार्यका लागि मात्र लागू हुनेछ ।

**६. निजी जग्गा व्यवस्थापन :-**

(क) यस कार्यविधिअनुसार रुरुक्षेत्र गाउँपालिका क्षेत्र भित्र रहेका निजी जग्गाहरु आवास, कृषि वा गैर कृषि, व्यावसायिक वा गैर व्यावसायिक प्रयोजनका लागि पहरो काट्ने, खन्ने, सम्याउने, खाडल बनाउने, पुर्ने वा चक्लाबन्दी गर्ने समेतको कार्य निजी जग्गा व्यवस्थापन हो ।

**७. अनुमति नलिई जग्गा व्यवस्थापन गर्न नहुने**

(क) कसैले यस कार्यविधि बमोजिम अनुमति नलिई यस गाउँपालिका क्षेत्रभित्र निजी जग्गा व्यवस्थापनको नाममा खनिज ढुंगा, गिट्टी, बालुवा आदि उत्खनन, संकलन ओसार पसार तथा विक्री वितरण गर्नु हुँदैन ।

(ख) कसैले दफा ४ (क) विपरित अनुमति नलिई निजी जग्गा व्यवस्थापन गरेमा यसै कार्यविधिको दफा २० बमोजिम दण्ड जरिवाना गरिने छ ।

**८. अनुमति लिनु पर्नेः**

रुरुक्षेत्र गाउँपालिका क्षेत्र भित्र रहेका जुनसुकै जग्गाधनीले भारी यान्त्रिक उपकरणको प्रयोग गरी देहायको कार्य गर्दा गराउदा रुरुक्षेत्र गाउँपालिकाको कार्यालयबाट अनुमति लिनु पर्ने छ ।

क) जुनसुकै उद्देश्यले यान्त्रिक उपकरणको प्रयोग गरी उत्खनन गर्ने कार्य ।

ख) जमिन सम्याउने वा खेति योग्य बनाउने कार्य ।

ग) माछा पोखरी निर्माण गर्ने कार्य ।

घ) उत्खनन बाट निस्कने साधारण निर्माण जन्य खनिज पदार्थ एक स्थान बाट अर्को स्थानमा ओसार पसार गर्ने कार्य ।

ङ) ईट्टा निर्माण कार्य

तर हाते औजारको प्रयोग गरी कृषकले आफ्नो स्वामित्वमा रहेको जमिन खनि निस्कने माटो व्यापार गर्ने उद्देश्य नराखी सो जमिनबाट नलैजाने गरी जमिन सम्याउने कार्यका लागि अनुमति लिई रहनु पर्ने छैन ।

**९. अनुमति पत्रको लागी निवेदन दिनुपर्ने : :-**

(१) कुनै व्यक्ति वा संस्थाले यस कार्यविधि बमोजिम निजी जग्गा व्यवस्थापन गर्न चाहेमा प्रयोजन खुलाई अनुसूचि २ बमोजिम गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) निजी जग्गा व्यवस्थापन गर्न निवेदन दिदा देहाएका कागजात संलग्न गर्नु पर्नेछ ।

(क) व्यवस्थापन गर्नु पर्ने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि

(ख) सम्वन्धित जग्गाधनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ग) सधियारहरु समेतको सर्जमिन मुचुल्का (चार किल्ला समेतको)

(घ) संधियारको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

(ङ) प्रयोजन खुलेको सम्बन्धित वडाको सिफारिस पत्र

(च) यस कार्यविधि बमोजिम वातावरणीय परिक्षण गर्नु पर्ने अवस्थामा गाउँपालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन

(छ) व्यवस्थापन गर्ने जग्गाको नापी नक्सा

(ज) जग्गा व्यवस्थापन गरे पश्चात देखिने जग्गाको स्वरूपको प्रस्तावित नक्सा

(झ) संस्थाले कार्य गर्ने भएमा जग्गाधनीको मन्जुरीनामा र संस्थाले गरेको सम्झौता पत्र

(ञ) प्राविधिकले स्थलगत अध्ययन गरी तयार गरेको प्राविधिक प्रतिवेदन

(ट) जग्गाको मालपोत तिरेको रसिदको प्रतिलिपि

१०. अनुमति लिनुपर्नेः

(१) निजी जग्गा व्यवस्थापन गर्दा संकलन भएको ढुंगा, गिट्टी, वालुवा, माटो आदि ओसारपसार वा ढुवानी गर्दा गाउँपालिकाबाट अनुमति लिनुपर्नेछ । अनुमति लिंदा देहायका कागजात संलग्न हुनुपर्नेछ ।

(क) ढुवानी गर्ने व्यवसायीको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ख) सम्वन्धित जग्गाधनीसंग ढुवानी सम्झौता गरेको सम्झौतापत्र

(ग) ढुवानी गर्ने फर्मको कर दर्ता प्रमाण पत्र र पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्र

(घ) दुवानी गर्ने व्यवसायीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ङ) प्रयोग गरिने सवारी साधनको विवरण र राजस्व तिरेको रसिद

११. प्रारम्भिक वातावरणीय परिक्षण गर्नुपर्ने

(१) ५ रोपनी भन्दाबढी निजी जग्गा व्यवस्थापन गर्न चाहने कुनै व्यक्ति वा संस्थाले गाउँ कार्यपालिकाको कार्यालयमा सूचिकृत परामर्शदाताबाट प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरि गाउँपालिकामा पेश गर्नु पर्नेछ । तर ५ रोपनी भन्दाकम क्षेत्रफलको निजी जग्गा व्यवस्थापन गर्न भने प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनिवार्य हुने छैन ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तथा स्थलगत अध्ययन गरि सिफारिस गर्न देहाय बमोजिम सदस्य रहने गरि एक कार्यदल गठन गरिनेछ ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ग) पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| (घ) योजना शाखा प्रमुख | सदस्य |
| (ङ) वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख | सदस्य |
| (च) सम्वन्धित वडा कार्यलयको वडा सचिव | सदस्य |
| (छ) स्थानीय वन कार्यालयका प्रतिनिधि | सदस्य |
| (ज) वन तथा वातावरण विज्ञानमा स्नातकोत्तर गरेको १ जना - | सदस्य |

(झ) पूर्वाधार विकास शाखा अन्तर्गतको प्राविधिक (अमिन) १ जना — सदस्य
(ञ) राजस्व शाखाको प्रमुख — सदस्य सचिव

(३) उपदफा (२) बमोजिम गठन भएको कार्यदलले पेश भएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन विस्तृत अध्ययन गरि उपयुक्त देखिएमा गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने छ । कार्यदलको सिफारिस सहित प्राप्त भएको प्रतिवेदन गाउँपालिकाको अध्यक्षस्तरीय निर्णयबाट स्वीकृत हुनेछ ।

(४) ५ (पाँच) रोपनी भन्दा कम क्षेत्रफल भएको जग्गा व्यवस्थापनको लागि गाउँपालिकाबाट खटिएको प्राविधिक टोलीले स्थलगत अध्ययन गरी गाउँपालिकामा पेश गरेको क्षेत्रफल र उत्खनन हुने परिमाण खुलेको प्रतिवेदन अनुसूची १ अनिवार्य हुने छ ।

(५) प्रारम्भिक वातावरणीय परीक्षण वापत लाग्ने परामर्शदाताको पारिश्रमिक जग्गाधनीले व्यहोर्नु पर्ने छ ।

माथि जुनसुकै कुरा लेखिएको भएतापनि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन बाहेक स्थलगत अध्ययन प्रतिवेदन तयार गर्न उपदफा ३ (ज) को सदस्य उपलब्ध नभएमा समिति गठन गर्न बाधा पर्ने छैन

**१२. अनुमति पत्र दिन सकिने :-**

(क) निजी जग्गा व्यवस्थापन गर्नको लागि गाउँ कार्यपालिकावाट स्वीकृत IEE प्रतिवेदन वा स्थलगत प्रतिवेदन तथा संलग्न अन्य कागजात सहित गाउँपालिकामा प्राप्त भएको निवेदन उपयुक्त देखिएमा राजस्व, पूर्वाधार, प्रशासन र योजना शाखाबाट प्रमुख प्रशासकीय अधिकृत समक्ष टिप्पणी पेश गर्नु पर्नेछ । प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका अध्यक्ष समक्ष स्वीकृतका लागि पेश गर्नुपर्नेछ ।

(ख) प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन साविकै वा संशोधन सहित स्वीकृत गर्ने अधिकार गाउँपालिका अध्यक्षमा रहनेछ ।

(ग) गाउँपालिका अध्यक्षवाट स्वीकृत भएमा गाउँ कार्यपालिकाको कार्यालयले सम्बन्धित जग्गाधनीलाई निजी जग्गा व्यवस्थापन गर्ने अनुमति प्रदान गर्नेछ ।

(घ) जग्गाधनीले आफ्नो जग्गा व्यवस्थापनको कार्य गाउँपालिकामा नियमानुसार सूचीकृत भएको कुनै संस्थालाई जिम्मा लगाएको अवस्थामा जग्गाधनीले आफ्नो मन्जुरीनामा दिनु पर्नेछ ।

(ङ) कुनै व्यक्तिले जग्गा व्यवस्थापन गर्नेक्रममा जम्मा भएको ढुंगा, गिट्टी, बालुवा, माटो आदि निजी जग्गामा भण्डारण गरेको विक्री वितरण गर्नु पर्ने भएमा गाउँपालिकाबाट मौज्दात प्रमाणित गराई यस कार्यविधि बमोजिमको ढुवानी प्रकृया र राजस्व रकम भुक्तानी गरी विक्री वितरण गर्न सक्नेछ ।

(च) जग्गा व्यवस्थापन गर्दा संकलन हुने ढुंगा, गिट्टी, बालुवा, माटो आदि भण्डारण गर्नु परेमा निजी जग्गामा भण्डारण गर्नु पर्नेछ । सार्वजनिक, सरकारी वा ऐलानी, पर्ती जग्गामा भण्डारण गरेको पाइएमा गाउँपालिकाले जफत गरि लिलाम गर्न सक्नेछ ।

(छ) उत्खननबाट संकलन भएको ढुंगा, गिट्टी, बालुवा, माटो आदि ओसार पसार गर्नुपरेमा गाउँपालिकामा सुचिकृत फर्मसंग सम्झौता गरि गर्नुपर्नेछ ।

## १३. अनुमतिको अवधी :

(क) निजी जग्गा व्यवस्थापन गर्न प्रदान गरिएको अनुमति पत्रको अवधी एक आर्थिक वर्षको हुनेछ । तर अनुमति पत्र प्राप्त गरेता पनि अनुमति पत्र प्राप्त गरेको अवधीको असार १ गते देखि भदौ मसान्तसम्म निजी जग्गा व्यवस्थापन सम्वन्धी कुनै पनि कार्य गर्न पाइने छैन ।

(ख) म्याद भित्र उत्खनन भएको ढुंगा, गिट्टी, बालुवा, माटो आदि असार मसान्तसम्म ढुवानी हुन नसकी मौज्दात रहन गएमा गाउँ कार्यपालिकाको कार्यालयमा जानकारी गराई मौज्दात प्रमाणित गराउनु पर्नेछ । असार मसान्तमा मौज्दात प्रमाणित गरिएको ढुंगा, गिट्टी, बालुवा, माटो आदि भदौ मसान्तपछि मात्र ढुवानी गर्न पाइनेछ ।

(ग) यस कार्यविधि लागु हुनुपूर्व उत्खनन भैसकेको ढुंगा, गिट्टी, वालुवा, माटो आदि खानीजन्य पदार्थ यो कार्यविधि लागु भएको १ (एक) महिना भित्र सम्वन्धित जग्गा धनिले मौज्दात प्रमाणित गर्नु पर्नेछ ।

(घ) यस कार्यविधि लागू हुनुपूर्व मौज्दात प्रमाणित भएको सामग्रीहरु ढुवानी गर्न कार्य विधि बमोजिम ढुवानीको सवारी साधन दर्ता गरि नियमानुसार ढुवानी गर्नु पर्नेछ ।

## १४. म्याद थप गर्न सकिनेः

पहिलो पटक निश्चित अवधि तोकी उत्खनन तथा ओसार पसार गर्ने अनुमति प्रदान गरिएको म्याद भित्र कार्यसम्पादन हुन नसकेको कुनै मनासिव कारण देखाई म्याद थपका लागि कार्यसम्पादनको प्राविधिक प्रतिवेदन र वडा समितिको सिफारिस समेत संलग्न गरी माग भएमा कारण मनासिव भए बाँकी रहेको कार्यसम्पादन गर्न लाग्ने अवधिका लागि कार्यालयले म्याद थप गर्न सक्नेछ ।

## १५. विवरण हेरफेर गर्न सकिनेः

उत्खनन तथा ओसार पसारका लागि अनुमति पत्रमा उल्लेखित यान्त्रिक उपकरण तथा सवारी साधनको विवरण उचित कारण सहित हेरफेर गर्न माग भएमा औचित्यका आधारमा कार्यालयले हेरफेर गर्न सक्नेछ ।

## १६. शुल्क वा वस्तुर तिर्नुपर्नेः-

(क) निजी जग्गा व्यवस्थापन गर्न अनुमति पत्रका लागि निवेदन दिँदा रु १०००/- (अक्षरुपि एक हजार रुपैया मात्र) निवेदन दस्तुर लिइनेछ । तर जग्गा व्यवस्थापन गर्दा संकलन भएका ढुंगा, गिट्टी, वालुवा, माटो आदि ढुवानी गर्दा लुम्बिनी. प्रदेश सरकारले तोकेको नदिजन्य पदार्थको दररेटमा मूल्य अभिवृद्धि कर तथा अग्रिम कर समेत थप गरि हुन आउने रकम ढुवानीका लागि अनुमति दिनु अगावै गाउँ कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्नेछ ।

(ख) ढुवानी गर्ने ट्याक्टर, टिप्पर तथा भारी यन्त्र उपकरणहरु गाउँपालिकामा दर्ता गरेर मात्र ढुवानी गर्नुपर्ने छ । दर्ता नगरेको सवारी साधनले ढुवानी गरेको पाईएमा जुनसुकै वखत सवारी नियन्त्रणमा लिईने छ ।

(ग) माटो तथा अन्य पदार्थ ढुवानी गर्दा प्रति घन फुट रु २ ।- पर्यावरण शुल्क लाग्नेछ ।

(घ) ढुवानीको लागि वार्षिक रुपमा प्रति ट्याक्टर दर्ता शुल्क रु ५००० ।- लाग्नेछ ।

(ङ) ढुवानीको लागि वार्षिक रुपमा प्रति टिप्पर तथा भारी यन्त्र तथा उपकरण दर्ता शुल्क रु १२०००/- लाग्नेछ ।

(च) वार्षिक रुपमा प्रति भारी यन्त्र तथा उपकरण दर्ता शुल्क रु २५०००/- लाग्नेछ ।

**१७. उत्खननका लागि शर्त तथा मापदण्डः**

उत्खननका लागि अनुमति प्राप्त व्यक्तिले प्रस्तावित स्थलमा उत्खनन गर्दा देहायबमोजिमका शर्त तथा मापदण्डहरु पालना गर्नु पर्नेछ ।

(क) उत्खनन अनुमति पत्रमा उल्लेखित यान्त्रिक उपकरण र सवारी साधनको मात्र प्रयोग गर्नु पर्छ ।

(ख) माछा पोखरी निर्माणको हकमा बढीमा ५ फिटसम्म गहिराईमा उत्खनन गर्नु पर्नेछ ।

(ग) जग्गा सम्याउने कार्यको हकमा प्रस्तावित जमिनको सबभन्दा तल्लो तहसम्म मात्र उत्खनन गर्नु पर्नेछ।

(घ) डाँडा खाला मिलाई खेतियोग्य जमिन बनाउने कार्यको हकमा सबभन्दा उँचा भागलाई हटाउने सम्मको परिमाण सम्म उत्खनन गर्नु पर्नेछ ।

(ङ) ग्रेगान गिट्टी बालुवा हटाई जमिन सुधार गर्न वा खेतियोग्य बनाउन प्राविधिक नाप जाँच भएको परिमाण मात्र हटाउनु पर्नेछ र शर्त उल्लङघन गरी खाडल पुर्नु पर्ने भएमा माटोको व्यवस्था समेत सम्बन्धित पक्षले गर्नु पर्नेछ ।

(च) सडक छेउको कुने डाँडो भएको भागमा उत्खनन गर्नु परेमा पहिरो नजाने गरी उँचा भागलाई हटाई बाटोको लेभलमा सम्मो हुने गरि उत्खनन गर्नु पर्नेछ र यसरी उत्खनन गर्दा पहिरो नजाने गरी स्लोप कटिङ्ग वा स्टेप कटिङ्ग गरी जोखिम हुन नदिने गरी व्यवस्था गर्नुपर्नेछ ।

(छ) उत्खनन कार्य बिहान ८ बजेबाट साँझ ६ बजे सम्म मात्र गर्नु पर्नेछ ।

**१८. अनुमति दिन नसकिने :**

देहायको अवस्था र जग्गामा अनुमति दिन सकिने छैन ।

(क) नदीजन्य पदार्थ उत्खनन गर्न निषेध भएको क्षेत्र ।

(ख) अनुगमन समितिको सिफारिसमा गाउँपालिकाको निर्णयबाट निषेध गरेको क्षेत्र।

(ग) सरकारी प्रति जग्गा, वन क्षेत्र, जग्गाको स्वामित्व नेपाल सरकारमा रहि भोगाधिकार मात्र प्राप्त भएको जग्गा ।

(घ) निजी जग्गाको चौकिल्ला मध्ये कुनै किल्लामा सरकारी सार्वजनिक जमिन रही त्यस्तो सार्वजनिक जमिनमा असर पर्ने रहेछ भने त्यस्तो जग्गा ।

(ङ) कुनै जग्गामा प्रस्तावित उत्खननले प्रकोप निम्त्याउन सक्दछ भन्ने प्राविधिक प्रतिवेदनले औंल्याएको रहेछ भने त्यस्तो क्षेत्रको जग्गा ।

(च) कार्यालयबाट गरिने सामाजिक तथा वातावरणीय लेखाजोखाले अनुपयुक्त देखाएको जग्गा ।

**१९. ओसार पसार गर्दा पालना गर्नु पर्ने शर्त तथा मापदण्डहरु :-**

अनुमति लिई उत्खननबाट निस्केको पदार्थहरु अन्यत्र ओसार पसार गर्ने गरी अनुमति भएको रहेछ भने त्यस्ता अनुमति प्राप्त व्यक्तिले ओसार पसार गर्दा देहायको शर्त तथा मापदण्ड पालना गर्नु पर्नेछ ।

(क) उत्खनन स्थलबाट अन्यत्र ओसार पसार गरिने पदार्थहरुको उत्खननकर्ताले कानूनले तोकेको नमुनाको पटके बिक्री आदेश र बिजक सँगै जारी गर्नु पर्नेछ । सोको अभिलेख तोकिएको ढाँचाको खातामा राखि पटके बिक्रि आदेशको एक प्रति र सोको परिणाम खुल्ने तेरिज तयार गरी कार्य सम्पन्न हुने बित्तिकै गाउँपालिकामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । खाता तथा आवश्यक कागजात गाउँपालिकाबाट नमुना लिई उत्खननकर्ताले आफै छपाई गर्नु पर्नेछ ।

(ख) उत्खनन स्थलबाट पदार्थ ओसारपसार गर्दा विहान ८ बजे देखि साँझ ६ बजेसम्मको समयमा मात्र गर्नु पर्नेछ ।

(ग) पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाउने छैन ।

(घ) पदार्थ ढुवानी गर्ने सवारीले उत्खनन स्थलबाटै ढाकेर लैजानु पर्नेछ र सडकमा सवारीको गति समेत ३० कि.मि. प्रतिघण्टा भन्दा कम गतिमा चलाउनु पर्नेछ ।

(ङ) ओसारपसार गर्ने भित्रि बाटोहरुमा धुलो उड्न नदिन नियमित पानी छर्कने कार्य उत्खननकर्ताले नै गर्नु पर्नेछ ।

(च) ओसारपसार गर्ने क्रममा कच्ची, ग्राभल गरिएको तथा पिच गरिएको सडकमा सवारीले बाटो क्षती गरेमा उत्खननकर्ताले बाटोलाई मर्मत संभार गर्नुपर्नेछ ।

(छ) स्थानीय नागरिकहरुबाट भएका उत्खनन तथा ओसारपसार सम्बन्धमा कुनै गुनासो राखेमा सोको व्यवस्थापन उत्खननकर्ताले नै गर्नु पर्नेछ ।

(ज) उत्खनन स्थलमा तोकिएको विवरण सहितको सूचनापाटी राख्नु पर्नेछ । सडकको भार वाहन क्षमता अनुसारको सवारी साधन मात्र प्रयोग गर्न पर्नेछ।

(झ) ओसार पसारको लागि लोड भएको सवारी गन्तव्यमा नपुगुन्जेल सडक किनारमा रोकी पाईने छैन।

**२०. शर्त उल्लङ्घन गर्ने उपरको कारवाही :**

उत्खनन र ओसार पसार गर्दा पालना गर्नु पर्ने शर्त तथा मापदण्ड पालना गरेको नपाईएमा त्यस्तो उत्खननकर्ता र ढुवानीकर्तालाई देहाय बमोजिम हुनेछ।

क) यस कार्यविधिको वर्खिलाप गर्नेलाई लुम्बिनी प्रदेश सरकारले तोकेको न्यूनतम दस्तुरमा नघट्ने गरि गाउँकार्यपालिकाले तोकेको दररेटलाई आधार मानी दोब्बर विगो कायम गरिनेछ । विगो बराबरको रकममा त्यति नै अंकमा थप रकम योग गरि कायम हुन आउने कूल रकम बराबर प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखको राय पश्चात जरिवाना गर्न सक्नेछ ।

ख) तोकिएको स्थानमा बाहेक अन्यत्र उत्खनन गरेकोमा तत्काल अनुमति पत्र खारेज गरी उत्खनन गरेको परिमाणको हुने राजस्व र सोही बरावरको थप रकम बुझाउन लगाई उत्खनन गरेको स्थलको खाडल उत्खनन्कर्ताले पुर्नु पर्नेछ ।

ग) स्वीकृत परिमाण र गहिराई भन्दा बढी उत्खनन गरेको पाईएमा तत्काल अनुमति पत्र खारेज गरी उत्खनन् गरेको परिमाणको हुने राजस्व र सोही बराबरको थप रकम बुझाउन लगाई उत्खनन गरेको स्थलको खाडल पुर्नु पर्नेछ ।

घ) अनुमतिमा तोकिएको साधन बाहेक अन्य साधनबाट उत्खनन् तथा ओसारपसार गरेमा वा यस कार्यविधि बमोजिम कार्यालयले दिएको निर्देशनको पालना नगर्ने उत्खनन्कर्ता तथा ओसारपसार कर्तालाई प्रदान गरिएको अनुमतिपत्र तत्कालै खारेज गरिनेछ ।

ङ) कार्यविधि विपरित अवैध रुपमा माटो तथा अन्य निर्माण जन्य खनिज (नदिजन्य समेत) पदार्थ उत्खनन तथा ओसारपसार गरेको पाईएमा देहाय अनुसार जरिवाना गरिनेछ ।

१. टयाक्टर रु २०, ०००।– (बिस हजार)

२. ट्रक, टिपर रु ४०,०००/- (चालिस हजार)

३. व्याक हो लोडर, स्क्याभेटर ५०,०००/- (पचास हजार)

४. पटके जरिवाना जरिवानाको दोब्बर रकम लिईनेछ ।

**२१. अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था :**

यस कार्यविधि बमोजिम गरिएका काम कारवाहीको अनुगमन गर्न देहाय बमोजिमका संयन्त्र परिचालन गरिनेछ ।

(क) गाउँपालिकाबाट गरिने अनुगमनः लुम्बिनी प्रदेश नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ अनुसार स्थानीय अनुगमन समितिबाट जुनसुकै बेला उत्खनन तथा ओसारपसार कार्यको अनुगमन गर्न सकिनेछ । अनुगमनमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष तथा आवश्यकतानुसार प्राविधिक कर्मचारी सहित अनुमती पाएको जग्गाको जुनसुकै वखत अनुगमन गर्न सक्नेछ । अनुगमन गर्दा कार्यविधि विपरित कार्य गरेको पाईएमा तत्काल कार्य रोक्का गरी कारवाहीको लागि सिफारिस गर्ने सक्नेछ ।

(ख) कार्यालयबाट गरिने अनुगमनः अनुमति प्रदान गरि सकेपछि कार्यालयले तोकेको कर्मचारी सहितको टोली बनाई उक्त टोलिबाट कार्य प्रारम्भ गर्न दिने अवस्था, कार्य प्रारम्भ भई सकेपछि बीच बीचमा र कार्य सम्पन्न भई सकेपछि अनुगमन गर्नु पर्नेछ । यसरी गरिएको पटकपटको अनुगमन प्रतिवेदन कार्यालयमा पेश गर्ने दायित्व सम्बन्धित अनुगमन गर्ने कर्मचारीको हुनेछ ।

(ग) गाउँपालिकाको अनुरोधमा गरिने अनुगमन : उत्खनन तथा ओसारपसार कार्यको अनुमति प्रदान भई सके पछि प्रहरीले अनुमतिका शर्त पालना भए नभएको अनुगमन गर्नेछ । यसरी अनुगमन गर्दा शर्त उल्लङ्घन भएको पाईएमा उल्लङ्घनकर्ता र उल्लङ्घनमा संलग्न सवारी साधनलाई नियन्त्रणमा लिई कार्यालय समक्ष पेश गर्न सक्नेछ ।

**२२. सार्वजनिक निर्माणमा माटो, ढुंगा तथा नदिजन्य पदार्थ उपयोग सम्बन्धमा**

संघ, प्रदेश तथा स्थानीय तहवाट वा सो संग साझेदारीमा संचालित कार्यक्रम योजनाहरुको संचालन गर्दा योजना संचालन गर्ने निकायको सिफारिसमा उक्त आयोजनावाट निस्कने नदिजन्य निर्माण सामाग्रीहरुको परिमाण

एकीन गरि गाउँपालिकाले प्रदेश सरकारले तोकेको अंक नघट्ने गरि राजश्व लिई सोही वा अन्य सार्वजनिक निर्माण कार्यमा खपत गर्न अनुमती दिन सक्नेछ ।

**२३. व्यवस्थापन, उत्खनन र ढुवानीमा रोक लगाउन सकिने :**
यस कार्यविधि बमोजिम अनुमति प्राप्त गरी जग्गा व्यवस्थापन गरिने स्थलको गाउँपालिकाबाट अनुगमन निरिक्षण गर्दा वा अनुमति प्राप्त गर्ने व्यक्तिले गरेको र ढुवानी सम्बन्धमा परेको उजुरीको छानबिन गर्दा यस कार्यविधिको उल्लंघन भएको पाइएमा गाउँपालिकाले तत्काल उत्खनन् तथा ढुवानी कार्यमा रोक लगाउन सक्नेछ र यसै कार्यविधिको दफा २० बमोजिम दण्ड जरिवाना गर्न सक्नेछ ।

**२४. अनुमति पत्र रद्ध गर्न सकिने :**
तोकिएको शर्त र समयसीमा भित्र कार्य प्रारम्भ र सम्पन्न नगर्ने व्यक्ति वा व्यवसायीलाई यस कार्यविधि बमोजिम प्रदान गरिएको अनुमति पत्र स्वतः रद्ध हुनेछ ।

**२५. अनुमति लिने व्यक्ति वा संस्थाले पालना गर्नुपर्ने शर्तहरुः**
अनुमति पत्र प्राप्त व्यक्ति वा संस्थाले गाउँ कार्यपालिकाको कार्यालयबाट तयार गरी तोकी दिएको शर्तहरु अनिवार्य पालन गर्नुपर्नेछ ।

**२६. अनुमति पत्रको प्रतिलिपिः**
(क) अनुमति पत्र हराएमा, नासिएमा वा कुनै कारणबश च्यातिएमा अनुमति पत्र प्राप्त व्यक्ति वा संस्थाले सोको प्रतिलिपि माग गर्न सक्नेछ ।
(ख) दफा १४ (क) बमोजिम प्रतिलिपि माग गरेमा गाउँपालिकाले रु.१००० (एकहजार) दस्तुर लिई प्रतिलिपि दिनु पर्नेछ ।

**२७. पुनरावेदन :**
क) प्रमुख प्रशासकीय अधिकृतले दफा २० बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको मितिले ३५ दिन भित्र गाउँकार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ ।
ख) कार्यपालिकाको निर्णयमा चित्त नवुझेमा गाउँ सभामा गाउँपालिका अध्यक्ष मार्फत पुनरावेदन गर्न सक्नेछ र गाउँ सभाको निर्णय अन्तीम हुनेछ ।

**२८. कार्यविधि व्याख्या, विश्लेषण तथा अन्य व्यवस्था :**
(क) यस कार्यविधिको व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकामा रहनेछ ।
(ख) यस कार्यविधिको कुनै प्रावधानहरु, संविधान, सङ्घीय सरकार तथा प्रदेश सरकारका कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

(ग) यस कार्यविधि संशोधन गर्नुपरेमा दफा ११ को उपदफा (२) बमोजिम गठित कार्यदलको सिफारिसमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

**२९. निर्देशन पालना गर्नुपर्ने :**

उत्खनन तथा ओसारपसार गर्ने कार्यको अनुमती प्राप्त व्यक्ति, संस्थाले प्राप्त गर्को अनुमति पत्रमा जुनसुकै सर्तहरु उल्लेख भएको भएतापनि कार्यालयले दिएको निर्देशन पालना गर्नुपर्नेछ ।

**३०. प्रदेश कानून वमोजिम हुने :**

उत्खनन तथा ओसारपसार कार्य सम्बन्धमा प्रदेश कानून निर्माण भई व्यवस्था भएमा सोही वमोजिम हुनेछ ।

**३१. विविध :**

(क) उत्खनन गरिने जग्गामा डाले घाँस प्रजातिका बाहेक अन्य साल, सिसौ, खयर, आदि प्रजातिका विरुवा पर्ने भए इलाका/ वन डिभिजन कार्यालय संग समन्वय गरी रुख कटान आदेश लिनुपर्नेछ । रुख कटानीबाट प्राप्त हुने राजस्व संघीय वन ऐन बमोजिम दाखिला गर्नु पर्नेछ ।

(ख) नीजि जग्गाको उत्खनन् सम्बन्धी व्यवस्था यस कार्यविधि लागुहुनु भन्दा अगाडि गाउँपालिकाबाट जारी भएको कार्यविधि तथा मापदण्डसँग बाँझीएको हद सम्म यसै कार्यविधि बमोजिम हुनेछ ।

(ग) यस कार्यविधि लागु हुनु भन्दा अगाडी यस कार्यालयवाट कार्यविधिले समेटेका विषयमा भएका कार्यहरु एवं दिईएका सबै अनुमतीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनसूची-१

रुरुक्षेत्र गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बलेटक्सार गुल्मी

**स्थलगत रुपमा सामाजिक तथा वातावरणीय लेखाजोखा गर्ने फाराम :**

निजी जग्गामा यान्त्रिक उपकरणको प्रयोग गरी माछापोखरी निमार्ण गर्ने/इट्टा उद्योग सञ्चालन गर्ने, जग्गा विकास गरी खेतीयोग्य बनाउने तथा भिर पाखोमा रहेको ढुङ्गा माटोलाई कटिङ्ग गरी सम्याउने कार्यका लागि प्रारम्भिक चरणमा सम्बन्धित प्राविधिक कर्मचारीबाट स्थलगत रुपमा गरीएको संभाव्यता अध्ययन र प्राविधिक तथा सामाजिक लेखाजोखा सम्बन्धी प्रतिवेदन।

१. निवेदकले पेश गरेको विवरण सम्बन्धमा प्राविधिक कर्मचारीबाट स्थलगत रुपमा गरिएको सत्य तथ्य प्रमाणीकरण ।

(क) निवेदक जग्गा धनीको नाम थर सम्पर्क फोन.

(ख) ठेगाना : रुरुक्षेत्र गाउँपालिका ... .वडा नं........ टोल

(ग) निर्माण जन्य खनिज पदार्थ/माछा पोखरी निर्माण/ इट्टा उद्योग सञ्चालन स्थलको ठेगाना

(घ) प्रस्तावित निर्माण जन्य खनिज पदार्थ/माछापोखरी निमार्ण/इटा उद्योग निर्माण गरीने जग्गाको कि.नं. क्षेत्रफल

(ङ) वडा कार्यालयको को सिफारिस मिति.............................. च.न. ........

(च) निर्माण जन्य खनिज पदार्थ / माछा पोखरी बनाउने/जमिन सम्याउने/उत्खनन गर्नु पर्नाको कारण : (निवेदकको भनाईमा )

(छ) निर्माण जन्य खनिज पदार्थ/माछा पोखरी बनाउने/जमिन सम्याउने/उत्खनन गर्नु पर्नाको कारणः
(प्राविधिक कर्मचारीको भनाइमा )

(ज) उल्लेखित विवरण मैले सम्बन्धित कार्य स्थलमा गई सत्य तथ्य बुझि पछिसम्म फरक नपर्ने गरी तयार गरेको भनि सहि गर्ने प्रशासन शाखा प्रमुख

नाम थर :
पद :...
दस्तखतः
मिति :..

२. प्राविधिक लेखाजोखा सम्बन्धी गरिएको सत्य तथ्य प्रमाणीकरण (पूर्वाधार विकास शाखा प्रमुख)
(क) प्रस्तावित निर्माण जन्य खनिज पदार्थ / माछा पालन वा अन्य प्रयोजनका लागि उत्खनन् गरिने स्थानको क्षेत्रफल :

१. कुल लम्बाई चौडाई उचाई

(ख) उत्खनन् गर्दा निस्कने सबै पदार्थको कुल परिमाण

(ग) निमार्ण स्थलबाट हटाउनु पर्ने वा बाहिर निकासी गर्नु पर्ने भू-पदार्थको कुल परिमाण :

१. हटाउनु पर्ने परिमाणको विवरण : माटो बालुवा . मिस्कट... अन्य.........

२. दैनिक ओसार पसार हुने कुल परिमाण :

३. ओसारपसार गरी लैजाने स्थान

४. उत्खनन् गर्न प्रयोग गरिने यन्त्र औजार : गाडी नं....

५. बोकी लैजाने सवारी साधनहरु ........... गाडी नं................. गाड़ी न.............

६. स्वउपयोगबाट बँचेको पदार्थ हटाई लैजान लाग्ने अवधि :

(घ) उत्खनन् कार्य सम्पन्न हुने प्रस्तावित मिति :
(ङ) कार्य सम्पन्न भए पछि निरीक्षण गराउने मिति :

उल्लेखित सवै विवरण गाउँपालिकाबाट खटिएका कर्मचारीले मेरो उपस्थितिमा नाप जाँच गरी भरेका हुन भनि सहि गर्ने जग्गा धनिको
नाम थर :............................................................... मिति ............................
दस्तखत.

उल्लेखित सवै विवरणहरु मैले सम्बन्धित स्थलमा गई जग्गा धनिको रोहवरमा तयार गरेको हुँ, सबै विवरणहरु सहि सत्य छन भनि सहि गर्ने प्रशासन शाखा प्रमुखको

नाम थर :
दस्तखतः
मिति

३. सामाजिक लेखाजोखा सम्बन्धी गरिएको सत्य तथ्य प्रमाणीकरण ।
(क) उत्खनन गरिने जग्गाको चौकिल्लाका सधियारहरुको विवरण र मन्जुरी हाम्रो जग्गाको साँध सिमानामा रहेको जग्गा धनि श्री...................................................को जग्गामा निजले ................................... कार्य गर्ने प्रस्ताव गरेको कुरा थाहा भयो । निजले सो कार्य गरेमा हामी चार किल्लामा रहेका तपशिलका धनिहरुलाई कुनै आपत्ति छैन भनि गाउँपालिकाका कर्मचारी श्री .......................... को रोहवरमा मन्जुर गरी दस्तखत गरि दियौ ।

दिशा चार किल्लाका जग्गा धनिको नाम थर दस्तखत

पूर्व
श्री .................................
श्री .................................

पश्चिम
श्री ..........................................
श्री ..........................................

उत्तर
श्री .........................................

श्री .......................................

दक्षिण

श्री ........................................

श्री .......................................

रोहवरः

श्री..

पद,

दस्तखत

(ख) उत्खननबाट निस्कने पदार्थहरु ओसार पसार गरी लैजाने स्थानीय सहायक मार्गको नाम

(ग) उक्त मार्ग वरि परि बस्ने स्थानीय वासीको प्रतिक्रिया

(घ) ओसार पसारका क्रममा पर्न सक्ने वातावरणीय असरहरु

(ङ) असर न्यूनीकरणका लागि ढुवानीकर्ताले अपनाउनु पर्ने सावधानीहरु :

१.

२.

३.

(च) प्रस्तावित उत्खनन वा जग्गा व्यवस्थापन स्थल कुनै सांस्कृतिक, पुरातात्विक वा अन्य संरक्षित क्षेत्र वा निषेधित क्षेत्रमा पर्ने वा नपर्ने कुरा : (पर्ने भए के कस्तो हो उल्लेख गर्ने)

४. स्थलगत अध्ययन गरी सवै विवरणहरु ठिक भएकाले अनुमति दिन उपयुक्त छ भनि सहि गर्ने योजना शाखा प्रमुखको

नाम थर :

पदः .

दस्तखत :

मिति :

५. पूर्वाधार विकास शाखा प्रमुखको राय :

स्थलगत अध्ययन विवरण र प्राविधिक नाप जाँचका आधारमा अनुमति दिन मनासिव भएकोले सिफारिस गर्दछु ।

नाम थर :

मितिः ..

दस्तखत :

छाप :

६. राजश्व शाखाको राय :

राजश्व निर्धारण :

राजश्व बुझाएको विवरण : गाउँपालिकाको नगदी रसिद नं.... .........वा शाखा स्थित रुरुक्षेत्र गाउँपालिकाको खाता नं.................................................. मा मिति ......................... मा नगदी रु......................... अक्षरेपी,...................................................दाखिला भएको देखिदा अनुमतीको लागि सिफारिस गर्दछु ।

७. स्थलगत प्राविधिक अध्ययन तथा सामाजिक लेखाजोखाका आधारमा भारी यान्त्रिक उपकरण प्रयोग गरी प्रयोजनका लागि उत्खनन गर्न स्वीकृति दिने अधिकारीको

दस्तखत :

नामः

पदः

मिति

अनुसूची २

(निजी जग्गामा उत्खननका लागि जग्गा धनिले गाउँ कार्यपालिकाको कार्यालयमा दिने निवेदनको ढाँचा)

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
रुरुक्षेत्र गाउँपालिका कार्यालय, बलेटक्सार गुल्मी ।

मिति :.......................

**विषय : निजी जग्गा उत्खनन गरी निस्कने पदार्थ हटाई पाउँ ।**

मेरो नाममा दर्ता कायम रहेको जिल्ला गुल्मी, रुरुक्षेत्र गाउँपालिका वडा नं........ को जग्गामा यान्त्रिक उपकरण प्रयोग गरी उत्खनन गर्ने अनुमति पाउन सादर अनुरोध गर्दछु । उत्खनन बाट निस्कने पदार्थहरु आफै/व्यवसायीहरु मार्फत अन्यत्र ओसार पसार गर्ने/नगर्ने भएकोले नियमानुसार दस्तुर लिई अनुमति पाउन अनुरोध गर्दछु आवश्यक प्रमाणहरु निम्नानुसार रहेको छ ।

तपशिल

१. जग्गा धनि प्रमाण पूर्जाको प्रतिलिपि १

२. नेपाली नागरिकताको प्रतिलिपि १

३. सम्बन्धित वडाबाट चौकिल्ला खुलाई गरिएको सिफारिस १

४. मालपोत तिरेको रसदिको प्रतिलिपि १

५. कि.नं. देखिने नाप नक्सा प्रतिलिपि १

निवेदकको
दस्तखत :
नाम थर :
ठेगाना :
मोबाईल फोन न :

अनुसूची-३

(अनुमती पत्रको ढाँचा)

रुरुक्षेत्र गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बलेटक्सार गुल्मी

**अनुमती पत्र नं. :** **मिति : ......................**

श्री .......................................

................................

गुल्मी जिल्ला रुरुक्षेत्र गाउँपालिका वडा नं. ....... टोल ....... मा स्थित जग्गाधनी श्री ..................................... को कित्ता नं. .................. र क्षेत्रफल .................. मा रहेको जग्गाको ..................... क्षेत्रफलमा गाउँपालिकामा दर्ता भएका यान्त्रिक उपकरणहरु प्रयोग गरि ढुङ्गा/माटो/गिट्टी/मिस्कट लगायतका निर्माण पदार्थहरु रुरुक्षेत्र गाउँपालिकाको निजी जग्गाको ढुंगा, गिट्टी, वालुवा, माटो आदि उत्खनन, सकंलन तथा ढुवानी व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०८० मा उल्लेखित शर्त तथा मापदण्डहरु पालना गर्नेहरु यो अनुमती पत्र ......... आश्विन १ गते देखि ......... जेठ मसान्त सम्मको लागि जारी गरिएको छ ।

(प्रमुख प्रशासकीय अधिकृत)

शर्तहरु :

(क) उत्खनन स्थलबाट अन्यत्र ओसार पसार गरिने पदार्थहरुको उत्खननकर्ताले कानूनले तोकेको नमुनाको पटके बिक्री आदेश र बिजक सँगै जारी गर्नु पर्नेछ । सोको अभिलेख तोकिएको ढाँचाको खातामा राखि पटके बिक्रि आदेशको एक प्रति र सोको परिणाम खुल्ने तेरिज तयार गरी कार्य सम्पन्न हुने बित्तिकै गाउँपालिकामा अनिवार्यरुपमा पेश गर्नु पर्नेछ । खाता तथा आवश्यक कागजात गाउँपालिकाबाट नमुना लिई उत्खननकर्ताले आफै छपाई गर्नु पर्नेछ ।

(ख) उत्खनन स्थलबाट पदार्थ ओसारपसार गर्दा विहान ८ बजे देखि साँझ ६ बजेसम्मको समयमा मात्र गर्नु पर्नेछ ।

(ग) पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाउने छैन ।

(घ) पदार्थ ढुवानी गर्ने सवारीले उत्खनन स्थलबाटै ढाकेर लैजानु पर्नेछ र सडकमा सवारीको गति समेत ३० कि.मि. प्रतिघण्टा भन्दा कम गतिमा चलाउनु पर्नेछ ।

(ङ) ओसारपसार गर्ने भित्रि बाटोहरुमा धुलो उड्न नदिन नियमित पानी छर्कने कार्य उत्खननकर्ताले नै गर्नु पर्नेछ ।

(च) ओसारपसार गर्ने क्रममा कच्ची, ग्राभल गरिएको तथा पिच गरिएको सडकमा सवारीले बाटो क्षती गरेमा उत्खननकर्ताले बाटोलाई मर्मत संभार गर्नुपर्नेछ ।

(छ) स्थानीय नागरिकहरुबाट भएका उत्खनन तथा ओसारपसार सम्बन्धमा कुनै गुनासो राखेमा सोको व्यवस्थापन उत्खननकर्ताले नै गर्न पर्नेछ ।

(ज) उत्खनन स्थलमा नोकिएको विवरण सहितको सूचनापाटी राख पर्नेछ । सडकको भार वाहन क्षमताअनुसारको सवारी साधन मात्र प्रयोग गर्न पर्नेछ।

(झ) ओसार पसारको लागि लोड भएको सवारी गन्तव्यमा नपुगुन्जेल सडक किनारमा रोकी पाईने छैन ।

अनुसूची-४

(ढुवानी साधनको अनुमती पत्रको ढाँचा)

रुरुक्षेत्र गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बलेटक्सार गुल्मी

**अनुमती पत्र नं. :** **मिति : .....................**

श्री .....................................

...............................

गुल्मी जिल्ला रुरुक्षेत्र गाउँपालिका वडा नं. ....... टोल ....... मा स्थित जग्गाधनी श्री .................................... को कित्ता नं. .................. र क्षेत्रफल .................. मा रहेको जग्गामा कार्यालयको अनुमती बमोजिम उत्खनन् तथा ढुवानी कार्यको लागि देहाय बमोजिमका सवारी साधनहरुलाई अनुमती दिईएको छ ।

उत्खनन् गर्ने सवारी साधनहरुको विवरण

| सि नं | सवारी नम्बर | सवारी चालकको नाम थर | सवारीको प्रकार | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

ढुवानी गर्ने सवारी साधनहरुको विवरण

| सि नं | सवारी नम्बर | सवारी चालकको नाम थर | सवारीको प्रकार | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :२०८०।०५।१९

आज्ञाले

लक्ष्मण पाण्डे

प्रमुख प्रशासकीय अधिकृत